नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/७८

चलानी नं.:- ४२०

मिति:- २०७७/१२/२४

विषयः- सूचीकरण सम्वन्धमा।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत सम्वन्धमा राष्ट्रिय दलित आयोगको च.नं. २३७ मिति २०७७/१२/०१ को पत्र र सो पत्र साथ प्राप्त सूचीकरणको लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार हुन आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर ।

श्री सूचना तथा प्रविधि शाखाः- website मा राखिदिनु हुन।

# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

दर्ता
२०१९
१२।२३

प.सं. २०७७।०७८
च.नं. २३६

मितिः २०७७/१२/०१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
संघीय मामिला माहाशाखा, सिंहदरवार काठमांडौ ।

विषयः सूचना वेवसाइटमा राखि दिनु हुन।

राष्ट्रिय दलित आयोगको मिति २०७७/११/२३ गतेको निर्णयानुसार राष्ट्रिय दलित आयोगले दलित समुदायभित्रका सूचिकृत हुन छुटेका थरहरुको सूचीकरण गर्ने प्रकृया अघी बढाएकोले सो सम्बन्धी यो आयोगद्वारा मितिः २०७७/१२/०१ मा प्रकाशित सूचना यसैसाथ संलग्न गरी पठाइएको छ । उक्त सूचना सवै स्थानीय तहहरु (वडा कार्यालय र टोल विकास संस्थाहरु) लाई जानकारी हुने व्यवस्थाका लागी ताँहा मन्त्रालयको वेवसाइटमा राखिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

२०७७।१२।०१
मेखवहादुर मंग्राती
शाखा अधिकृत

# राष्ट्रिय दलित आयोग
## National Dalit Commission

राष्ट्रिय दलित आयोग
२०७५

प.सं.:
च.नं.:

### राष्ट्रिय दलित आयोगको सुचना

प्रथम पटक प्रकाशित मितिः-२०७७/१२/०१

राष्ट्रिय दलित आयोगले दलित समुदायभित्रका सूचिकृत हुन छुटेका थरहरुको सूचीकरण गर्ने प्रकृया अघी बढाएकोले थरहरु सूचीकृत गर्नको लागि सम्बन्धित व्यक्ति तथा संस्थाहरुले वडा कार्यालयको थर दलितभित्र पर्ने सिफारिस र उपलब्ध हुन सक्ने अन्य प्रमाणहरु संलग्न गरी आयोगमा प्रत्यक्ष उपस्थित भई वा हुलाक मार्फत वा आयोगको ई-मेल ठेगाना info@ndc.gov.np मा मिति २०७८ जेष्ठ मसान्तभित्र आइपुग्ने गरी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सचिव
राष्ट्रिय दलित आयोग, कुपण्डोल ललितपुर।